"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

# सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०७/२६**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम यस नगरपालिकाका लागि उद्यम विकास सहजकर्ता करार सेवामा लिनुपर्ने भएकाले देहायको योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस नगरकार्यपालिकाको कार्यालयमा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | २/०७७/७८ | उद्यम विकास सहजकर्ता | पाँचौं | १ | चौथो र पाँचौं तहमध्ये कुनै एक तहमा कुनै पनि दरखास्त प्राप्त नभएमा एकै तहको सहजकर्ता छनोट गरिनेछ । |
| २ | ३/०७७/७८ | उद्यम विकास सहजकर्ता | चौथो | १ | |

**१.आवश्यक न्यूनतम योग्यता**

(क) नेपाली नागरिक ।

(ख) १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको )

(ग) प्रचलित कुनै कानुनले अयोग्य नठहरिएको ।

(घ) देहायबमोजिमको शैक्षिक योग्यता भएको :

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको वा
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको ।

**२.दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरू :**
नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (आवेदक स्वयम्ले प्रमाणित गरेको), सीप परीक्षणको प्रमाणपत्र भएमा त्यसको प्रतिलिपि, कामको अनुभव खुलेका कागजातहरु, पासपोर्ट साइजको फोटो २ प्रति

**३.दरखास्त दिने स्थान :** महालक्ष्मी नगरकार्यपालिकाको कार्यालय, ललितपुर ।

**४. दरखास्त दिने अन्तिम मिति:** २०७७/८/११

**५. दरखास्त दस्तुर:** पाँचौ तह: रु.४०० र चौथो तह: रु.३००

**६.सेवा तथा सुविधाहरु :** करार सम्झौता पत्रमा उल्लेख भएबमोजिम ।

**७. छनोटको आधार र प्रक्रिया:** महालक्ष्मी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७५ बमोजिम हुनेछ ।

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np